# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०७।२९ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको।

-----------------------------------------------------------------

बैदेशिक रोजगार विभाग, बुद्धनगर, काठमाडौंका शाखा अधिकृत कृति वल्लभ पौडेल ना.सु. खड्ग बहादुर के.सीले का.म.न.पा स्थित म्यानपावर कम्पनीको कामकाज तथा बैंक खाता समेत विभागबाट रोक्का राखेको सम्बन्धमा कम्पनीको तर्फबाट सर्वोच्च अदालतमा मुद्धा दायर भई अदालतबाट रोक्का फुकुवा गरि नियमानुसार काम गर्न दिनु भनि आदेश भईसकेको अवस्थामा समेत निज शाखा अधिकृत कृति वल्लभ पौडेल र नायव सुब्बा खड्ग बहादुर के.सि. ले रोक्का फुकुवा नगरी विभिन्न बहानामा सेवाग्राहीसँग घुस रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निज राष्ट्रसेवकहरूलाई रु.१०,००,०००/- (दश लाख) घुस रकम सहित मिति २०७४।०७।२८ गते बानेश्वर स्थित ईन्द्रेणी फुडल्याण्डबाट नियन्त्रणमा लिएको र उक्त घुस लेनदेन सम्बन्धी विषयमा विभागका महानिर्देशक विश्वराज पाण्डेको समेत संलग्नता प्रारम्भिक अनुसन्धानको क्रममा देखिएको आधारमा निजलाई चावहिल मित्रपार्कबाट आज मिति २०७४।०७।२९ गते आयोगकै टोलीले नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी